# दलित समुदायको शूद्रकरण कि संस्कृतिकरण !

**सरोजदिलु**
sarojdillu@gmail.com

**लेखसार**

हाम्रो समाजमा विभिन्न जातजातिहरूलाई उनीहरूको ऐतिहासिक पेसा वा भूमिका र सङ्ख्याको हिसाबले छुवाछुत र विभेद गरिन्छ । यसरी सामाजिक र सांस्कृतिक रूपमा विभेद र छुवाछुत गरिएका जातिसमूहहरू नेपालमा दलितका नामले चिनिएका छन् । यिनीहरूलाई कथित उच्च जाति हौँ भन्नेहरूले पशुतुल्य अमानवीय व्यवहार गर्दै तिरस्कार र विभिन्न अवसरहरूबाट विमुख पार्दै ल्याएको अवस्था छ । यी दलित समुदायको यही उत्पीडन, गरिबी वञ्चितीकरणको अवस्थालाई अझ उद्वेलित बनाउँदै दलित तथा गैरदलित केही अभिजात वर्गले आआफ्नो नाफाको व्यवसायसमेत बनाएका छन् । तर यथार्थमा यसरी वहिष्कृत भएका जातजातिहरूले ऐतिहासिक कालखण्डदेखि नै विभिन्न कला, सिप र साधनाका अन्वेषक, उत्पादक र संबाहक रहँदै मुलुकको निर्माणमा अग्रणी भूमिका खेल्दै आएका छन् । अझ नेपाली संस्कृति र सभ्यताको विकासमा यिनको योगदान उच्च रहेको पाइन्छ । तर दलितको सौन्दर्य पक्षलाई पहिचान नगरी एकोहोरो उनीहरूको कमजोरी केलाएर दलित समुदायको मुक्ति खोजिनु सम्भव देखिन्न । यस लेखनको सार बरु यिनै दलित भनिएका समुदायलाई इतिहास, सभ्यता, कला, संस्कृति, सिप र ज्ञानजस्ता विशेषताहरूले सुशोभित गरेर सांस्कृतिक पहिचान दिन न्यायसङ्गत र लाभदायी हुने देखिन्छ ।

**शब्दकुञ्जी** : आफर, पञ्चेबाजा, रसायनशास्त्री, सांस्कृतिक पहिचान ।

**विषय प्रवेश**

इतिहासको कालखण्डदेखि नै वर्णव्यवस्थाका कारणले तुच्छ घोषित गरेर हरेक अवसरबाट अलग्याएको जातीय समूह दलित समुदाय हो । जसले आर्थिक रूपमा अवसरविहीन पारिएको सामाजिक र

सांस्कृतिक रूपमा वहिस्कार गरिएको र अमानवीय रूपमा छुवाछुत भोगिरहेको छ । मुलुकका अधिकांश भूभागमा विभाजित तरिकाले छरिएर रहेका परम्परागत रूपमा लुगा सिउने, धातुका भाँडाकुँडा बनाउने, फलामका औजार बनाउने, विभिन्न धातुका गरगहना बनाउने, छालाको काम गर्ने, नाच्ने, गाउने र समाजको सरसफाइ गर्ने तथा रखवारी गर्नेजस्ता सिपमूलक र मनोरञ्जनात्मक सामाजिक सेवामा संलग्न गराउँदै ल्याइएका समूहहरू, जसलाई अन्ततः समाजबाटै समाप्त पारिएको छ । ती जाति तथा समूहहरू नै नेपालमा दलित समुदायको रूपमा रहेका छन् । राष्ट्रिय दलित आयोगले दिएको परिभाषाअनुसार सामाजिक रूपमा अपहेलित, सांस्कृतिक रूपमा तिरस्कृत, आर्थिक रूपमा विमुख, शैक्षिक रूपमा कुण्ठित र राजनीतिक रूपमा वञ्चित पारिएका जातीय समूहहरू नै दलित हुन् । यसैगरी तत्कालीन राष्ट्रिय दलित आयोगका अध्यक्ष पद्मसिंह विश्वकर्माले दल= समूह र ईत = समाप्त पारिएको, अर्थात् दल+ईत= दलित, दलित भनेको समाजबाट समाप्त पारिएको समूह भनेर व्यक्तिगत रूपमा व्याख्या गरेका छन् (मास्टर पद्मसिंहको जीवनी: २०६४, पृ. १७) । यसरी दुवै अर्थबाट हेर्दा समाजबाट अलग राखिएको वा समाप्त पार्दै ल्याइएका समूहहरूको जमात नै दलित समुदाय हो । जसलाई राजनीतिक अवसर दिइएको छैन, सामाजिक र सांस्कृतिक रूपमा आज पनि तिरस्कार गरिँदै ल्याइएको छ भने आर्थिक अवसरहरूमा यिनीहरू धेरै पछाडि पारिएका छन् ।

यसरी दलित जाति सामाजिक दृष्टिले उपेक्षित, प्रताडित र सांस्कृतिक दृष्टिले अपमानित, आर्थिक दृष्टिले पीडित र बहिष्कृत तथा वर्गीय दृष्टिले समेत विपन्न सम्पतिहीन समूह हो । दलित समुदाय स्वाभिमान, अस्मिता, गौरवमय जीवनको सट्टामा तिरस्कृत जीवन भोग्न विवश पारिएको तथा आक्रोश, चित्कार, वेदना, पीडा, शोषण, दमन र छटपटाहटमा बाँचिरहेका जाति हुन् । जो मान्छे भएर पनि मान्छेजस्तो जीवन बाँच्न पाउँदैनन्, अन्नपानी र मनुष्यलाई स्पर्श गर्नसम्म हुँदैन । त्यसैले दलितको साधना, कौशल, शालीनता, उत्पादन, त्याग, बलिदान तथा तिनको आक्रोश, चीत्कार, वेदना, पीडा, शोषण, दमन र छटपटाहटलाई साहित्य, कला र संस्कृतिसँगै जोडेर हेरिनुपर्दछ । यसर्थ दलित भनिएको समुदाय कला र सङ्गीतका साधक, कृषि औजार र उत्पादनका साधनका रचनाकार, संस्कृतिका संवाहक र साहित्यका पहिलो स्रोतका रूपमा रहेका छन् भन्दा अत्युक्ति हुँदैन ।

## कला र संस्कृतिको साधनामा दलित

समाजशास्त्रीय र मानवशास्त्रीय दृष्टिकोणबाट दलित जातिको सांस्कृतिक सहभागिताका विषयमा केही सन्दर्भग्रन्थलाई मात्र आधार मानेर हेर्दा पूर्वआधुनिक कालमा दलितहरू सङ्गीत सामग्रीको सृजनाकारका रूपमा रहेको पाइन्छ । यिनीहरू पेसाका दृष्टिले आफ्नो जात र कर्मकरणअनुसार सङ्गीतका साधन उत्पादन गर्ने गर्दथे । जस्तै- विश्वकर्माहरू बिनायो र मुर्चुङ्गा बनाउने, दमाइँहरूले सहँनाई बजाउने, सार्कीले मादल र दमाह मोड्ने, बादीले खरी लगाउने, चुनाराले काठको मोहडा तयार पार्ने आदि काम गर्दथे (नेपाली, २०६९, पृ.२३६) । प्रदेशीय क्षेत्रका आधारमा पनि तराईमा त्यही किसिमको पेसा अपनाइन्थ्यो । तत्कालीन निरङ्कुश शासकहरूको दमन, अपहेलना, प्रतिबन्धका कारण राष्ट्रिय जीवनका विभिन्न फाँटमा दलितहरूले निर्धक्क भएर आवश्यक प्रतिभाको सदुपयोग गर्न पाएनन् । यिनले यस क्षेत्रमा मनोरञ्जनका हिसाबले होस् या पेसाका दृष्टिले होस्, बेलाबखतमा विभिन्न स्थानमा आफ्नो परिचय दिलाउनेलगायत विभिन्न कलाकारिताको प्रस्तुतीकरण र प्रतिभाको प्रष्फुटन गराउँदै आएको पाइन्छ ।

## रङ्गमञ्चमा दलित

नाट्य तथा चलचित्र क्षेत्रमा समेत दलितहरूले नै प्रभाव छोड्दै आएको यथार्थ हाम्रो सामुन्ने छ । देवव्रत परियार (सन् १९५०, प्रथम नेपाली चलचित्रमा हरिश्चन्द्रका निर्माता तथा निर्देशक) नेपाल आएदेखि नै चलचित्रमा दलित कलाकारहरूले अग्रणी भूमिका खेल्न थाले । दलित मानिएका मुसलमानहरूले भारतमा जसरी दबदबा कायम गरेका थिए, त्यसैगरी नेपाली चलचित्र र नाटकमा दलितहरूको अग्रणी

भूमिका रहेको पाइन्छ (प्रकाश सायमिसँगको अन्तर्वार्ता, २०७०) । यसै क्रममा माला सिन्हा, तृप्ति टोट्लानी, देविदत्त ठटाल, विपी हिङ्गमाङ्ग, विबि विश्वकर्मा, मीरा सिंह, पुण्यप्रभा लोहार, पूजा चन्द, निरुता सिंह, गीताञ्जली, रीमा विश्वकर्मा, प्रकाश सपुतसहितका दलित कलाकारको ऐतिहासिक योगदान रहेको पाइन्छ । अझ चलचित्र निर्माण, निर्देशन र साहित्य लेखनको क्षेत्रमा तुलसी घिमिरे, अमर रसाइली, श्रवण घिमिरेहरूको मुख्य भूमिका रहेको छ ।

यसरी प्रवास वा स्वदेशबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने आइके सिंह (कथाकार, नाटकार सङ्गीतकार), जसको वर्चश्व र प्रेरणाले नै आज ललितकला र रङ्गमञ्च क्षेत्र रङ्गिएको छ । त्यसैगरी नाट्य लेखनमा लेखक टी.आर.दीयाली, भैयासिंह गजमेर, विपी. सुन्दास (भोजपुरे), साधुराम सुनाम, भक्त गुईदेल, चित्र सिकारुहरूको योगदान उच्च रहेको छ । यसलाई पुष्टि गर्न प्रवासी साहित्यकार इन्द्रबहादुर राईले आफ्नो *नेपाली रङ्गमञ्चको अर्धशताब्दी* नामक पुस्तकमा नेपाली मूलका भारतीय दलितहरूको रङ्गमञ्च र सांस्कृतिक एवम् साहित्यिक फाँटमा पुऱ्याएको योगदानका बारेमा प्रशस्त चर्चा गरेका छन् । डा.अभि सुवेदीका अनुसार आफ्नो सम्पति केही नभएपछि अरूको श्रम गरेर अरूलाई रिझाएर जिउनुपर्दा तत्कालीन शूद्रहरूले गीत, सङ्गीत र नाटकको सहारा लिए । सो कामहरू गर्दै जाँदा उनीहरूको पेसालाई समेत शूद्रकरण गरिएको हो (डा.सुवेदीसँग सरोजदिलुले शोधपत्रको क्रममा लिएको अन्तर्वार्ता ।), रामशरण दर्नालका अनुसार विशेष रूपमा दलितहरूले बाजाहरू बजाउने जिम्मेवारी पाए । बजाउनुपर्ने हुनाले उनीहरूले बनाए । त्यसैले आज जति परम्परागत बाजाहरू छन्, ती सबै दलितले बनाएका हुन् र तिनले नै बजाउँदै आएका छन् । प्रकाश सायमिका अनुसार पहिलो नाटककार मास्टर रत्नदास प्रकाश नै मानिन्छन्, उनी तत्कालीन अवस्थामा दलित समुदायका थिए । मोदनाथ प्रश्रितका अनुसार शूद्र अत्यन्त मिहिनेती हुन्थ्यो । उसले बाच्नका लागि मालिकलाई रिझाउनुपर्दथ्यो । मालिकलाई रिझाउनका लागि उसले अनेकौं कर्म गर्न थाल्यो । मिहिनेत गर्ने क्रममा विभिन्न साधनहरूसमेत आफैं निर्माण गऱ्यो । त्यस क्रममा उसले कृषि औजार बनायो, वस्तुहरूको रासायनिक परिवर्तन गर्न सिक्यो, बाजा बजाउन, नाच्न र गाउन पनि सिक्यो । यसरी रङ्गमञ्चको सन्दर्भ जोडेर दलितलाई कलाको पहिलो साधकका रूपमा उभ्याइएको छ (सरोजदिलु, २०७४, पृ.४६) ।

योभन्दा अगाडि राणाकालका कला, नाट्य तथा सङ्गीतमा दलितहरू प्रशस्त रूपमा सामेल भएको अभिलेख छ । यी जातिका कलाकारहरूले दरबारमा समेत यस्तो मनोरञ्जनात्मक क्रियाकलापमा आफ्नो कला देखाएर शासकहरूलाई मनोरञ्जन प्रदान गर्दथे । तर दरबारका नाचघरमा छाक टार्नैका लागि प्रत्येक साँझ दलित वर्गका कलाकारहरूले आफ्नो कलाकारिता प्रर्दशन गर्नुलाई समाजले होच्याउँथ्यो । राणाहरूले पनि तल्लो किसिमको व्यवहार गर्दथे । दलितलाई आफ्नो भोगविलासका लागि उपभोग हुने साधनसरह ठान्दथे । त्यसै बेला मास्टर रत्नदास खड्गी, प्रेमदास किशोर (नेवार समुदायका तल्ला जाति) हरूको अभिनय र कला देखेर दरबारका नानी, रानी (राणाका छोरी र श्रीमतीहरू) र सुसारेहरूसमेत मोहित हुने गर्दथे । जसले गर्दा रत्नदासलाई नाटक खेल्न प्रतिबन्ध लगाइयो भने पछिल्लो समयमा उहाँलाई जेलसमेत हालिएको भनाइ छ (सायमिसँगको अन्तर्वार्ता २०७०)

## सङ्गीत साधनामा दलित

वि.सं. २००७ सालको प्रजातन्त्र उदयपछि कला र सङ्गीतमा नयाँ ऊर्जा थपियो । त्यस बेला रेडियो नेपालको स्थापना भएपछि पहिलो गायकका रूपमा पनि अछुत वर्गका कलाकार मास्टर रत्नदास, प्रकाश र शान्ति ठटालले गीत गाउने मौका पाए । त्यसपछि अनेकौं कलाकार वाद्यवादक, गायकगायिका तथा सङ्गीतकारहरू जन्मन थाले । सुशुप्त अवस्थामा रहेका लोकसङ्गीत राष्ट्रिय संस्कृति तथा सांस्कृतिक तत्त्वहरूको रूपमा विकास हुन थाल्यो । जसअनुसार प्रहरी तथा सेनामा पनि व्याण्ड स्थापना भएकाले त्यहाँ दलितलाई मनोरञ्जनकै साधनको रूपमा

सेवामा प्रवेश दिन थालियो । यस क्रममा नेपालको राष्ट्रिय धुन *श्रीमान् गम्भीर ...* को सङ्गीत निर्माता बखतवीर बुढाप्रीथी, प्रहरी दलका संस्थापक व्याण्डमास्टर काले सुनाम र शुभबहादुर सोनामलाई दलित जातिका साङ्गीतिक क्षेत्रका कालजयी आरम्भकर्ताको रूपमा लिनुपर्छ । स्व. बुद्धि परियारले *रेशम फिरिरी....* जस्तो अन्तर्रष्ट्रिय स्तरमा समेत नेपाली लोकभाका र सङ्गीतको माध्यमबाट नेपाल र नेपालीको चिनारी फैलाएर पर्यटकीय दृष्टिकोणबाट राष्ट्रलाई ठुलो गुण लगाएका छन् । दिलमाया खाती, शान्ति ढटाल, अञ्जुदेवी दर्नाल, चन्दन लम्जेल, कुन्दन लम्जेल (सङ्गीतकार) जेजी लम्जेल (गायिका), डेजी बराइली, चुन्नीलाल घिमिरे, वीरभद्र कार्की, टीका खाती (गीतकार), विमला सेन्चुरी (गायीका) आदि ऐतिहासिक धरोहरका रूपमा रहेकै छन् । हाल आएर तुलसी घिमिरे, भारती, श्रवण, मनोहरी सिंह, विश्वमणि हिङमाङ, चन्द्रप्रकाश, अमर रसाइली, मुरलीधर मिजार, प्रेम विक, नवराज दर्नालदेखि अहिलेका चर्चित कलाकार कुन्ती मोक्तान, सर्मिला बर्देवा, सुशील विश्वकर्मा, सुनिल बर्देवा, आलोक श्री, सपनाश्री, यसकुमार, कर्ण दास, अनिल सिंह र राजु परियारहरू राष्ट्रकै बहुमूल्य रजतहरू हुन् । यसैगरी साङ्गीतिक फाँटमा कालजयी व्यक्तित्वहरू स्व. झलकमान गन्धर्व, लालबहादुर खातीदेखि नैनसिंह विश्वकर्मा, रवि रम्तेल, झाले रम्तेल, जितेन्द्र बभुवा (मिथिला प्रदेशका), ध्रुव नेपाली, महेन्द्र दिपाली, पवित्रा सिबा, रामशरण नेपाली, रामशरण गन्धर्व, गणेश परियारदेखि आजका चर्चित गायक प्रकाश सपुत, टीका सानु, सुनिता दुलालसम्मले साङ्गीतिक क्षेत्रमा अग्रणी योगदान दिएका छन् ।

## वाद्यवादन निर्माण र सांस्कृतिक साधनामा दलित

दलित जाति कलाकार मात्र नभएर सांस्कृतिक साधनका उत्पादक एवम् त्यसका सम्वर्द्धक पनि हुन् । शासकको मनोरञ्जनका लागि डबलीमा नाटक तथा रूपक प्रस्तुत गर्नेदेखि वाद्यवादन बनाउने, गीत गाउने, नाच्ने काम गर्दथे । समाजको रीतअनुसार हुने प्रथामा बाजा बजाउने, मारुनी गीत गाउने, ढिकुरा उठाउने (उत्तानो परेर मुखले रुमाल टिप्ने खेल) र विशेषगरेर दमाइँले सिधा टिप्ने नाचदेखि राज्य एकीकरणका लागि विजय उत्सवमा नरसिंहाको बिगुल फुक्ने र सारङ्गीको धुनले युद्धको सूचना दिने काम पनि दलित जातिले नै गरेका थिए (सरोजदिलु, २०७४, पृ. ८२) ।

यसरी जात-उपजातअनुसार गाइनेले सारङ्गी, सारिन्दा, अरबाजा बनाउने र बजाउने गर्दछन् । चमारले ढोलक, झ्यामट्, पिपरा (तराइको सहनाई आकारको बाजा) बादीले मसक् बजाउने, मादल र तबलामा खरितुना लगाउने गर्छन् । सार्कीले ती बाजामा आवश्यक पर्ने छाला मोड्ने, चुनाराले ती बाजाहरूको मोहड (काठको काम) तयार पार्ने र कामी (विश्वकर्मा) ले ती बाजामा स्वर भर्ने (पञ्चधातु लगाएर स्वर मिठो पार्ने) लगायत बिनायो र मुर्चङ्गा बनाउने र बजाउने गर्दछन् । यसकारण बिनायो र मुर्चङ्गा बनाउने र बजाउनेदेखि हाम्रो संस्कृति, हाम्रो परम्पराअनुसार विभिन्न चाडपर्व, उत्सव र धार्मिक कार्यहरूमा दलितहरूले गाएर, बजाएर वा नाचेर आफ्नो जातअनुसारको कलाकारिता प्रदर्शन गर्नुपर्ने हुनाले यी दलितहरू सृजनाका स्रोत तथा संस्कृतिको संवाहकको रूपमा रहेका जाति हुन् ।

समाजशास्त्री क्यारोल टिङ्गीले पन्चैबाजाका बारेमा पुस्तक लेखेर दलितहरू सङ्गीत साधनाका स्रोत मानेका छन् । दमाईहरू ध्वनिबाट सुमधुर सङ्गीतको निर्माण गर्ने जाति भनेर उल्लेख गरेका छन् (सुवाल, २०१२, पृ. ८) । अद्वैतापूर्ण नेपालीले रङ्गमञ्च शब्दलाई नछोई त्यसलाई गन्धर्व जातिमा मात्र सीमित पारेर *गन्धर्व* नामक पुस्तकमा गन्धर्वको उत्पति र सामवेदको निर्माणका विषयमा उल्लेख गरेका छन् । तिनै प्रकाशित सामग्रीअनुसार नेपाल एकीकरणताका पृथ्वीनारायण शाहले सङ्गीतकर्मीका रूपमा थुप्रै दलितलाई झ्याली पिटाउने, सहनाई बजाएर विजयको बिगुल फुक्न लगाउने, कामीलाई हतियार उत्पादन गर्ने, सार्कीलाई ढाल र तरबारका खोल तयार पार्ने काममा प्रयोग गरेको पाइन्छ । त्यसै बेलाका मनिराम गाइने, बिसे नगर्ची, कालु सार्की सांस्कृतिक युद्धकारीका रूपमा नेपाल

एकीकरणमा सामेल भएको उल्लेख छ (सरोजदिलु, २०६४, पृ. ६६) ।

## कला–विज्ञानमा दलितहरू पहिलो

नेपालको सन्दर्भमा मेसिन, औजार, हतियार तथा अन्य समाज सञ्चालकका कृषि औजार र उत्पादनका साधनहरू उत्पादन गर्ने पहिलो वैज्ञानिकसमेत दलितहरू नै मानिन्छन् । सामन्तवादी समाजमा चाहिने औजार र प्रविधिको मूलकेन्द्र आरन नै थियो । कृषि उत्पादन चलाउने र व्यापारिक साधनहरू भनेका हलो, फाली, काठका भाँडाकुँडा, गोरुगाडा, चर्खा, हातेतान र डुङ्गा, जनावरको छाला प्रशोधन गर्ने र कपडा रङ्गाउने खाडी आदि थिए । यी सबैका सञ्चालकहरू पहाडमा होस् या तराईमा शूद्र नै थिए । श्री ३ प्रधानमन्त्री चन्द्रशंशेरभन्दा अगाडि फलाम र तामाहरू खानीबाट झिकी आग्री (कामी) हरूले आफरमा गालेर त्यसबाट आवश्यकताअनुसारका औजार र भाडाकुँडाहरू उत्पादन हुन्थ्यो । खानीबाट कच्चा सामग्रीहरू निकाली आफरमा गालेर औजार र अन्य वस्तुहरू उत्पादन गर्नु भनेको त्यस बेलाको विज्ञान प्रविधिको उच्च कला मान्नुपर्छ । यस्तो प्रविधिको काम गर्ने दलितहरूलाई पहिलो वैज्ञानिकका रूपमा मान्नुपर्छ ।

यो समुदायका पुर्खामा अग्नि र जलबाट ऊर्जा पत्ता लगाउने ज्ञान थियो । तातो आफरको आगोमा फलाम, तामा, पित्तललगायतका धातुहरू पग्लिन सक्छन् । त्यसबाट नयाँ वस्तु निर्माण गर्न सकिन्छ भनेर पत्ता लगाउने र प्रयोग गर्ने पहिलो रसायनशास्त्रीसमेत दलितहरू नै थिए (आहुति, २०७०, पृ. ११२) । उनीहरूले तातो र चिसोको मिश्रण गरेर आवश्यकताअनुसारको पाइन् (फलामको धारको शक्ति) बनाउन सक्छन् । यसैगरी बत्ती नभएको युगमा दियालोलाई हेरेर उनीहरूले तेल, घिउ वा खोटोबाट बल्ने दियो बनाए । दियोलाई परिष्कृत र फ्युजन गर्दै टुकी, डिबी (धिप्री) र लालटिन बनाए । यति मात्र होइन, पानीको गतिबाट उनीहरूले घट्ट बनाए । पानीलाई कति मात्रामा बगाउँदा बा ढुङ्गाको जाँतोलाई पानीले घुमाउन अरू कुनकुन सहायक वस्तुहरू चाहिन्छ भनेर पनि पत्ता लगाए । त्यसको प्रयोगबाट हातले पिस्नु परिरहेको अन्नपानीबाट चल्ने जाँतोले पिसिदिने बनाइदिए । त्यसकै आधारमा आजको विद्युत् बनेको हो । दलितमा धुवाँलाई पानीमा हालेर निकोटिनरहित नसा बनाउने ज्ञानसमेत थियो । उनीहरूले तमाखु वा हुक्कामा पानी भरेर सो पानीद्वारा धुवाँको विकार हटाउँदै स्वस्थ नसाको सेवन गर्न सिकाए (नेपाली, २०७७, पृ.१५) । यसरी विश्लेषण गर्दा दलितहरू पहिलो रसायनशास्त्री र ऊर्जा वैज्ञानिकसमेत हुन् ।

## सुर र सङ्गीतको पहिलो खोजकर्ता

सिल्पी दलितहरू नै वायुको गतिको पहिलो खोजकर्ता र प्रयोगकर्ता समेत हुन् । विश्वकर्मा, दमाईं वा गन्धर्व जातिहरूले बनाउने र बजाउने बाजा, बिनायो, बाँसुरी, करनाल र सहनाई बजाउँदा कसरी वायुलाई नियन्त्रण गर्ने अनि कसरी पौन फेर्ने र सुरअनुसार कसरी श्वास तान्ने र छाड्ने ? यसको पहिलो खोज दलित समुदायले नै गरेका हुन् । तब मात्र यी बाजाहरूको निर्माण सम्भव भएको हो । उनीहरूले यी सबै अन्वेषण विज्ञान जन्मनुभन्दा अगाडि नै गरेका हुन् । हावाको गतिको मात्रा मापन गरेर उनीहरूले सङ्गीतका सात स्वरहरू बनाए, लयको निर्माण गरे । दलित समुदायमा यी सबै ज्ञान सामवेद लेखिनुभन्दा अगाडि नै थियो (नेपाली, २०७७, पृ. २०) ।

## राजनीतिक आन्दोलन उठाउने पहिलो सूत्रधार

राजनीतिक योगदानका हिसाबले समेत दलितहरूले पहिलो साहसिक योगदान दिएका छन् । *हुँदैन बिहानी, मिर्मिरेमा तारा झरेर नगए, बन्दैन देश दुईचार सपूत मरेर नगए...* भूपिले भनेझैँ मुलुक परिवर्तन र निर्माणको बाटो खोल्नका लागि सहिद भइदिनेहरू पनि दलितहरू नै छन् । अङ्ग्रेजलाई सही बाटो नदेखाएबापत सहिद हुने बाङ्गे सार्की र राज्य एकीकरणका लागि राजालाई हतियार जोहो गर्न उपाय दिने पहिलो सल्लाहकार पनि दलित बिसे नगर्ची नै थिए । यसै क्रममा २००७ सालको क्रान्तिमा

अगुवाइ गर्दा तनहुँका चन्द्रबहादुर सार्की दलितको पहिलो सहिद भए भने २०४६ को आन्दोलनमा पाटनमा रेखा विश्वकर्मा पहिलो सहिद हुन पुगेकी थिइन् । यसैगरी १० वर्षे सशस्त्र जनआन्दोलनमा गोरखामा दिलबहादुर रम्तेल पहिलो सहिद हुन पुगे । २०६२/६३ को जनआन्दोलनका अग्रमोर्चामा बसेर लड्ने र गोली थाप्ने सेतु विक, चन्द्रबहादुर वयलकोटी र दीपक विश्वकर्माहरूले ती महान् परिवर्तनका लागि जीवन बलिदानी दिएका छन् ।

## सूचनाका पहिलो संवाहक

अम्बेडकरले भनेका छन्- त्यही नै सञ्चार हो, जसले कला र संस्कृतिको रक्षाको निम्तिसमेत भूमिका खेल्न मद्दत गर्दछ । त्यो धातु विज्ञान र आत्मविज्ञानसँग सम्बन्धित छ (अम्बेडकरको जीवनी, पृ. ८१) । जुन दलितको आत्म र दिमागमा छ । उनले भनेझैँ देशको स्वाभिमानको रक्षा गर्न, मानिसलाई सङ्गठित गर्न होस् या वल्लो समाज र पल्लो समाजलाई जोडी कला र संस्कृतिको विस्तार गर्न दलितहरूले पहिलो योगदान दिएका छन् । जब कि कुनै बेला एक गाउँको सूचना अर्को गाउँमा पुग्न दिनौँ, हप्तौँ वा महिनौँ लाग्थ्यो । एक मुलुकबाट अर्को मुलुकमा सूचना सम्प्रेषण हुनसमेत केही महिना र कतै वर्ष लाग्थ्यो । सूचनाकै कारणले परिवर्तनको गति अतिढिलो थियो ।

त्यस अवस्थामा आफ्नै राज्य वा छिमेकको राज्यसम्म सूचना पुऱ्याउनका लागि दमाईं र गन्धर्वहरूले खबरवाहकका रूपमा भूमिका खेल्दथे । दमाईंहरूले गाउँका मानिसहरूलाई सूचना दिन वा पल्लो डाँडाका मानिसहरूलाई अपर्झट बोलाउनुपर्दा विभिन्न तालमा दमाहा, नगरा वा भेरी ठोकेर साङ्केतिक ध्वनी दिने गर्दथे । मानिस नै जानुपऱ्यो भने दिनभरि लाग्ने हुनाले छिटो खबर दिनका लागि यस्तो विधि अपनाइथ्यो । यसलाई खुट हान्ने पनि भनिन्छ । बाजाको भाकालाई खुट्याएर बुझ्नुपर्ने हुनाले यो विधिलाई खुट् हान्ने भनिएको हो । वारिबाट खुट हानेपछि पारिको दमाईंले त्यो खुट्को भाषा बुझ्थ्यो र उसले आफ्ना गाउँका मानिसलाई खबर दिन्थ्यो (दमु, २०७६, पृ. ८३) । अझ गन्धर्वहरूले युद्धका समयमा, विजय उत्सवहरूमा, प्राकृतिक प्रकोप तथा आर्थिक सङ्कटको बेलामा सारङ्गी रेट्दै गाउँगाउँमा सन्देश बाँड्थे । उनीहरू रेडियो टेलिभिजन वा टेलिफोन, चिठ्ठीपत्र नभएको युगमा सारङ्गी बजाएर मनोरञ्जन दिने वीरगाथाहरू गाउने र सूचना दिएर समाजलाई सचेत बनाउने गर्दथे । गन्धर्वहरू युद्धका लागि सङ्गठन गर्न होस् या राजामहाराजाहरूको सुषुप्त वीरता जगाउँदै जनतालाई उद्वेलित बनाएर रण सङ्ग्राममा उतार्नका लागि सारङ्गी रेट्दै गाउँगाउँ वा एक गाउँदेखि अर्को गाउँ हिँड्थे ।

यसरी बजाउँदै र सबाई गाउँदै उनीहरू कोसौँकोस पुग्थे र गाउँदै फर्किन्थे । आफ्नो राज्यमा आक्रमण हुन लाग्दा होस् या राजाले विजय गरेर फर्कँदा होस् उनीहरू जनतालाई आफ्नो राजदायित्वप्रति उत्सुक र उत्तेजित बनाउँथे । यसैगरी यदि राजाले हारे, मरे भने गाउँका पिरव्यथा र विरहलाई सबाई गीत बनाउँदै जनतालाई सान्त्वना दिन्थे, तिनका आँसु सारङ्गीको धुन र गीतसङ्गीतले पुछ्दै हिँड्थे । पहाडमा गन्धर्वहरू सूचना र सामन्तकै उर्दीलाई सञ्चार गर्दै हिँड्थे भने तराईक्षेत्रमा ढोल पिट्दै *सुनो, सुनो, सुनो, भाइ और बहिनो...* भन्दै विपत्ति वा विशेष कुराको खबर दिनेहरूसमेत मधेसका दलितहरू नै थिए, हुन् । त्यसैले यिनलाई पहिलो सञ्चारकर्मीका रूपमा समेत मान्नुपर्दछ (दमु, २०७५, पृ.८३) ।

## खेलकलाको पहिलो सूत्रधार

खेलकुदमा समेत दलितहरूले अग्रणी योगदान दिएका हुन् भन्न सकिन्छ । जस्तो- भाला, छेलो, धनुषबाण दलितले बनायो । यो नबनेको भए कसले खेलको आरम्भ गर्थ्यो ? दलितले खेल देख्यो, परिपक्व साधन बनायो अनि खेल्न सिकायो । जसले खेल्ने सामग्रीहरू निर्माण गरे अनि पहिले आफैँले खेल्न थाले । चिडिमारले चरा मार्ने र विश्वकर्माले मट्याङ्ग्रा हान्नेजस्ता खेलहरू अझ पनि चलनचल्तीमा छ । आज पार्कर खेलको विकास भएको छ । नेपालमा त्यो खेलको पहिलो खेलाडी दिनेश सुनार, जो दलित हुन् । विदेशमा देखेका वा सिनेमा हेर्दा सिकेका

कुरालाई उनले व्यवहारमा देखाइदिएर नेपालमा पार्कर खेल आरम्भ गरे । उनले ५ पटक गिनिजबुकमा नाम लेखाइसकेका छन् (खोजतलास, २०७८ श्रावण ८ गते र नेपालन्युज, २०२३ अक्टोबर १५) । उनको नाममा ओहायो राज्यमा अप्रिल २१ लाई 'दिनेश-डे' का रूपमा मनाइन्छ । भूवनसिंह सुनार अर्का आँटिला व्यक्ति हुन्, जो अन्टार्टिकामा पाइला टेक्ने पहिलो नेपाली हुन्, ती पनि दलित नै हुन् । पछिल्लो समय सोमपाल कामीले क्रिकेट खेलमा नेपाललाई विश्वभरि चिनाएका छन् भने त्यही खेलका प्रशिक्षक जगत टमटा विश्वस्तरीय प्रशिक्षक हुन् ।

## दलित साहित्यको पहिलो आधार

दलित अवस्था आफैं नै साहित्यको एउटा गहन आधार हो, जहाँबाट साहित्यको आरम्भ हुने गर्दछ । उत्पीडन, शोषण, दमन र उपेक्षा विरुद्धको चेतना र त्यसको लेखन नै साहित्य हो । दलितको अवस्था, परिवर्तन र क्रान्तिसँग साहित्यलाई जोडेर हेर्ने हो भने पहिले समाजमा सबैभन्दा तल पिल्सिएको वर्गलाई आधार बनाएर हेर्नुपर्दछ, जहाँ जीवनको यथार्थता छ; परिवर्तन र क्रान्तिको खोजी भइरहेको छ । सदियौंदेखि समाजको तल्लो तहमा रहेर उत्पीडन शोषण र वञ्चितीकरण भोगिरहेका दलित समुदायको हितकारी परिभाषासँग र यथार्थ जीवनसँग साहित्यलाई जोडेर हेर्नुपर्दछ । दलितको जीवनभित्र संस्कृति छ; कला छ; सभ्यता र इतिहास पनि छ । ऊसँग छलकपट धोका, कुनियत, द्वेष, घृणा, शोषकी र अरूलाई पीडा दिएर बाचौं भन्ने चरित्र छैन । बरु दलितसँग मिहिनेत, अनुशासन, नम्रता र शालीनता सबै छ । ऊसँग श्रम छ; साधना छ; ज्ञान छ । यही यो समुदायको सुन्दरता हो । तर परम्परागत संरचनामा चल्दै आएको साहित्यले दलितको उत्पीडन, योगदान र सौन्दर्यताको कुनै खोजीनीति पनि गर्दैन भने दलित समुदाय आफैंले गर्न पहुँच पुग्दैन । यदि मार्क्सवादले भनेझैं वर्गलाई आधार मान्ने हो वा समाजमा रहेको उत्पीडनलाई आधार मान्ने हो भने प्रगतिशील साहित्यले पहिले दलितको अवस्था र उत्पीडनलाई आधार बनाएर लेख्नुपर्ने हुन्छ । यसैले मार्क्सवादी सिद्धान्तअनुसार भन्नुपर्दा साहित्यको उत्पत्तिको आधारसमेत दलितको अवस्था, सामाजिक उत्पीडन र सौन्दर्य नै हो ।

## सिल्पी समुदायको शूद्रकरण

दलित भनिएका २३ जातिहरू (राष्ट्रिय जनगणना २०७८ ले दलितभित्र २३ जाति भनेर निर्दिष्ट गरेको) रैथाने ज्ञान, सिप, कला, संस्कृति र वैभवले भरिपूर्ण भएका समुदाय हुन् । अझ उनीहरू समाजवादी संस्कृतिका असली खोजकर्ता र अभ्यासकर्तासमेत हुन् । सभ्यतासमेत शालीन र सुसंस्कृत रहेको छ । यिनीहरू कुरा ज्यादा गर्ने कामचोर, गफिला वा कमजोर, निरीह हुँदै होइनन् । बरु यिनीहरूमा पारस्परिक सामाजिक एकता, सद्भाव, आपसी सहयोग र सहकार्यको भावना छ, मिहिनेत र श्रमजीवी संस्कृति छ । उनीहरूले लिनेभन्दा हजारौं गुणा देश र समाजलाई दिएका छन् । तर यी गौरवशाली, वैभवशाली शालीन चरित्र र तिनीहरूभित्रको कला, संस्कृति र सभ्यताको रीत खोज नगरी यिनीहरू कमजोर हुन्छन्, राज्यबाट निरीह बनाइएका छन्, दास मनोवृत्तिका हुन्छन्, सेवा गर्ने समूह मात्र हुन्, सर्वहारा, विपन्न तथा अज्ञानी आदि भनेर प्रसारप्रचार गरिएको छ ।

दलितका नाममा यसरी नै दस्तावेजीकरण गरिएको छ । दलित आन्दोलन र राज्यले यिनको मौलिकता नबुझ्दा दलितहरू विभेद मात्र भोग्दै आएका, छुवाछुत भोगिरहेका र समाजमा जतातत‍ै पछाडि पारिएका भनेर यिनको योगदान, सौन्दर्य पक्षलाई ओझेल पारिएको छ । यिनको ऐतिहासिक योगदान, सभ्यता, इतिहास, सामाजिक सौन्दर्यता तथा सिप, ज्ञान र कला संस्कृतिको खोजअनुसन्धान नै नगरी एकोहोरो यिनीहरू गएगुज्रेका, दास वंश र मनोवृतिबाट आएका, पानी नचल्ने अछुत जात हुन् भन्ने दृष्टिकोण बनाउनु यो समुदायको शूद्रकरण गर्नु हो अर्थात् दलितीकरण गर्नु हो ।

## निष्कर्ष

दलित समुदाय उपभोग्य साधनका निर्माता तथा शिल्पकलामा धनी मात्र नभएर गीतसङ्गीत

तथा नाट्य विधामा समेत सम्पन्न छन् भने साहित्य क्षेत्रबाट समेत सामाजिक आन्दोलनमा योगदान पुऱ्याउँदै आएका छन् । यी समुदायहरू साहित्य र साङ्गीतिक कलाका स्रोत हुनका साथै यिनले सदियौँदेखि नै समाजलाई शिल्पकला र सांस्कृतिक पहिचानको योगदान दिँदैआएका छन् । तसर्थ सामाजिक सांस्कृतिक आवश्यकता पूरा गर्ने यी वर्गहरू समाजका हरेक मूल्यमान्यताका लागि अपरिहार्य छन् । तर कला र संस्कृतिका संवाहक भए तापनि यिनलाई दलित भनेर शूद्रकरण गरिएको छ । आफ्नो स्वार्थपूर्ति गर्नका लागि यो समुदायले राष्ट्रका लागि दिएको योगदानभन्दा दलनको पीडा बढी देखाएर पुँजीवादी सोच र चिन्तन भएकाहरूले यो समुदायलाई दलितीकरण गर्दै आएका छन् । यिनको गरिबी, दासता, उत्पीडनलाई जरैदेखि कोट्याएर समाजमा अझ छताछुल्ल पारिरहेका छन् । सौन्दर्य पक्षहरूको खोजी गरेर यिनको गरिमा बढाउनेभन्दा कमजोर पक्षहरूको बिस्कुन सुकाएर दलितीकरण गरिरहेका छन् । अब *दलित* भनेर यिनलाई कमजोर देखाइरहने कि यिनको योगदानको उच्च मूल्याङ्कन गर्ने ? अब तिरस्कारको धब्बा बोकाइरहने कि दलितको इतिहास र पहिचान खोजी गरेर तिनको संस्कृतीकरण गर्ने ?

दलित अवस्था विरुद्धको लडाइँ करिबकरिब सकियो, अब पहिचान स्थापनाको आन्दोलन हुनुपर्छ । पहिचान भनेकै उनीहरूले दिएको योगदान हो । यसर्थ पहिचानको मुद्दालाई सम्बोधन गर्ने नयाँ शब्दको खोजी गर्नुपर्ने अवस्था छ । साथै अबको पाटो भनेको आर्थिक क्रान्ति र सांस्कृतिक अन्तर्घुलन हो । सबैसँग सहकार्य र सम्मिलन भएर समाजलाई गति दिने र समृद्धि खोज्ने हो । सामाजिक अन्तर्घुलन या उपल्ला जातिहरूसँगै सहकार्य गर्दै जातीय छुवाछुत निर्मूल गर्दै जाने हो । दलितीकरण वा शूद्रकरणमै रमाइरहने आफूलाई नयाँ भाष्यहरूद्वारा नभएर पहिचानसहित दलित उन्मुक्तिको बाटो रोज्ने हो । *दलित*को धब्बा हाम्रा भावी पुस्ताको निधारमा पुस्तान्तरण हुन नदिएर उनीहरूको ऐतिहासिक पहिचान स्थापित गर्ने हो । जब कि अबको नयाँपुस्ता हिजोको दलितकरणबाट मुक्त भएर गौरवपूर्ण जीवन जिउनुपर्छ भन्ने चाहना राख्दछ ।

**सन्दर्भ सामग्रीसूची**


आहुति (२०७०). *दलित सौन्दर्यबोध.* काठमाडौँ : समता फाउण्डेसन, ।

चापागाईं, निनु (२०७०). *दलित सौन्दर्यबोध.* काठमाडौँ : समता फाउण्डेसन ।

दमु, नेपाली (२०७६). *कर्णालीका शिल्पी-दलित समुदायको सामाजिक सांस्कृतिक सम्पदा.* कर्णाली प्रदेश ।

नेपाली, गोविन्द (२०७९). *रैथाने दमाइँ जातिको लोकजीवन.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

नेपाली, गोविन्द (२०७७). *गोविन्दको मौलिक ज्ञानको कला सिद्धान्त.* काठमाडौँ : मिलिण्डा नेपाली ।

प्रकाश सायमी (२०७०). चलचित्र निर्देशक तथा साहित्यकार (एम्एको थेसिस् लेख्ने क्रममा अन्तरवार्ता ।

सरोजदिलु (२०७४). *साहित्य, कला, संस्कृति र सभ्यतामा दलित.* नेपाल प्रज्ञा-प्रतिष्ठानका लागि गरिएको सोधपत्र ।

सुवाल, एरिसा (सन् २०१२). *दलित लेखनको प्रवृत्ति.* काठमाडौँ : समता फाउण्डेशन ।


■